**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३१/२०८०/०८१**

## निर्णय नं.(१)

प्रस्ताव नं.(१) माथि छलफल गर्दा डेङ्गु नियन्त्रणको लागि औषधी छर्कनको लागि वडा कार्यालयलाई औषधी उपलब्ध गराउने र वडा कार्यालयहरुले आ-आफ्नो वडामा औषधी छर्कने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(२)

प्रस्ताव नं.(२) माथि छलफल गर्दा जग्गा वर्गीकरणको सम्वन्धमा प्रत्येक वडामा रहेको कार्यान्वयन समिति मार्फत निर्णय भई आए पछि सोहि वमोजिम स्थानीय भू-उपयोग परिषदमा पेश गर्न भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

## निर्णय नं.(३)

प्रस्ताव नं.(३) माथि छलफल गर्दा विपदको तत्काल प्रतिकार्य गर्नको लागी आवश्यक सामग्री खरिद गरी सम्बन्धित निकायमा हस्तान्तरण गर्ने निर्णय सर्वसम्मतवाट पारित गरियो।

## निर्णय नं.(४)

प्रस्ताव नं.(४) माथि छलफल गर्दा गाउँपालिका भित्रका "क" र "ख" वर्गको सडकको अतिक्रमण रोक्नको लागी सड्क क्षेत्रमा यातायात अवरुद्ध हुने गरी रुख विरुवा रोपेको तथा वालुवा गिट्टी थुपारी राखेकोलाई नगर प्रहरी मार्फत हटाउन लगाउने र सो कार्य गरेको समयमा नगर प्रहरीलाई खाजा नास्ताको व्यवस्था गर्ने निर्णय सर्वसम्मतवाट पारित गरियो।

## निर्णय नं.(५)

प्रस्ताव नं.(५) माथि छलफल गर्दा कानेपोखरी वार्ड नं.२ को प्रधान टोलमा निर्माण भएका आवासहरुमा घरवार नभएका निम्न वमोजिमका व्यक्तिहरुलाई स्थानान्तरण गरी घर उपलब्ध गराउन सर्वसम्मतबाट निर्णय पारित गरियो।

१. संगिता उराव, कानेपोखरी-२
२. रेखा मल्लिक, कानेपोखरी-२
३. विहारी मुसहर, कानेपोखरी-२
४. वावुराम अधिकारी, कानेपोखरी-५
५. विश्वेश्वर प्रसाद चौधरी, कानेपोखरी-५
६. भरवती राजवंशी, कानेपोखरी-३
७. कमली चौधरी, कानेपोखरी-३
८. फागुलाल उराव, कानेपोखरी-३

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३१/२०८०/०८१

## निर्णय नं.(६)

प्रस्ताव नं.(६) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका भित्रका गाईभैंसीहरुलाई AI मार्फत गर्वाधारण गराउन चाहने फर्म/व्यक्तीहरुले AI प्रयोजनका लागी सुचिकृत गराउनको लागी सूचना प्रकाशन गर्ने र गाउँपालिकाले प्रति गाई/भैंसि कृतिम गर्वाधान गरे वापत रु.५००।– सेवा उपलब्ध गराउने सेवा प्रदायक फर्म/व्यक्तिलाई उपलब्ध गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(७)

प्रस्ताव नं.(७) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकामा स्वास्थ्य सेवा अन्तर्गत समायोजन मिलान भई कार्यरत रहेका कर्मचारीहरु बाहेक २ जना कर्मचारीहरु सि.अ.हे.व. सहायक पाँचौको मिलन ढुंगाना र सि.अ.न.मी. रिता कार्की काजमा रहेकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.५८५२ मिति ०८०।०३।२५ को पत्रबाट काजमा रहेका स्वास्थ्य सेवाका कर्मचारीहरुको दरबन्दी रहेको स्थानमा काज फिर्ता गर्नुपर्ने देखिएकोमा सि.अ.न.मी. रिता कार्कीले SBA तालिम समेत लिएका हुँदा बर्थिङ्ग सेन्टर तथा अस्पताल संचालनमा निजको आवश्यकता रहेको हुँदा देखिएकोले संघबाट प्राप्त रकमले तलब भत्ता भुक्तानी गर्न नपुग्ने भएमा गाउँपालिकाको आन्तरिक स्रोतबाट तलबभत्ता खुवाउने गरी निजलाई काज फिर्ता नगरी कामकाज लगाउने र सि.अ.हे.व. मिलन ढुंगानालाई कोभिड रोगको नियन्त्रण तथा उपचारको लागि काम काजमा खटाएकोमा हुँदा निजको दरबन्दी कायम रहेको टेम्केमैयूम गाउँपालिकामा काज फिर्ता पठाउने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

## निर्णय नं.(८)

प्रस्ताव नं.(८) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालयमा विगतदेखि निरन्तर रुपमा कार्यरत रहेका करारका कर्मचारीहरुको आ.व. ०८०।०८१ को लागी म्याद थप गरि दिने भनि निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(९)

प्रस्ताव नं.(९) माथि छलफल गर्दा कानेपोखरी अस्पतालको संचालन तथा व्यवस्थापनलाई थप व्यवस्थित गर्दै आत्मनिर्भर अस्पतालको रुपमा संचालन गर्ने उद्देश्यले "कानेपोखरी अस्पताल संचालन तथा व्यवस्थापन नियमावली,२०७८" लाई निम्न बमोजिम संशोधन गर्न आवश्यक देखिएकाले सोहि बमोजिम संशोधन गर्न सर्वसम्मतबाट निर्णय पारित गरियो।

२.कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली,२०७८ को नियम ४ मा संशोधनः

कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली,२०७८ (त्यसपछि "मूल नियमावली भनिएको) नियम ४ को

(१) उपनियम(२) को सट्टा देहायको उपनियम(२) राखिएको छ।



CamScanner

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३१/२०८०/०४

(२) उपनियम (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ।

क. कानेपोखरी गाउँपालिका ४ नं.वडाका वडा अध्यक्ष -अध्यक्ष

ख. गाउँपालिकाको अध्यक्षबाट मनोनित कानेपोखरी गाउँपालिका क्षेत्रभित्रका लब्धप्रतिष्ठित समाजसेवी व्यक्तित्वहरुमध्ये कम्तिमा दुईजना महिला सहित पाँचजना -सदस्य

ग. साविक होक्लाबारी र केरौनबाट प्रतिनिधित्व हुने गरी गाउँपालिका अध्यक्षले तोकेको वडाध्यक्ष एक/एक जना - सदस्य

घ. स्वास्थ्य शाखा प्रमुख - सदस्य

ङ. अस्पतालमा कार्यरत मेडिकल अधिकृतहरुमध्येबाट प्रमुख प्रशासकीय अधिकृतले तोकेको मेडिकल अधिकृत एक जना - सदस्य

च. अस्पतालमा कार्यरत स्थायी स्वास्थ्यकर्मीहरुमध्ये प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तर स्वास्थ्यकर्मी एकजना - सदस्य सचिव

उपनियम(३) पछि निम्म बमोजिमको उपनियम (३क) थपिएको छ।

(३क) उपनियम(२)को खण्ड "ख" र "ग" बमोजिमका सदस्यहरु मध्येबाट एक जना सदस्यलाई गाउँपालिकाको अध्यक्षले समितिको उपाध्यक्षको रुपमा मनोनित गर्नेछ।

३.मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५को ,

(१) उपनियम(२) पछि देहायको (२ क) र (२ख) थपिएको छ।

(२क) अस्पतालमा आवश्यक पर्ने औषधी,स्वास्थ्य उपकरण, औजारको खरिद कार्यको व्यवस्थापन गर्ने।

(२ख) अस्पतालमा आवश्यक पर्ने उपसमितिहरुको गठन, स्वास्थ्य विमा कार्यक्रम सञ्चालन र विषेषज्ञ सेवा सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

४.नियम ६. पछि निम्न बमोजिमको नियम ६क थपिएको।

६क. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क)अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(ख)अस्पतालबाट प्रवाह हुने सेवाको निरन्तर अनुगमन तथा मूल्यांकन गरी समितिका अध्यक्ष मार्फत् समितिको बैठकमा पेश गर्ने,

(ग) समिति तथा अध्यक्षले तोके बमोजिमका अन्य कार्य गर्ने।

५. नियमावलीको नियम ८ मा संशोधनः मूल नियमावलीको नियम ८ को,

उपनियम(८) पछि निम्न बमोजिमको उपनियम (८क) थप गरिएको।

उपनियम (८क) अस्पतालसंग सम्बन्धित महत्वपूर्ण बिषयमा निर्णय गर्दा उक्त बैठकमा कानेपोखरी अस्पताल प्रमुख संरक्षक/संरक्षक र प्रमुख प्रशासकीय अधिकृत ज्यूहरुलाई समेत उपस्थितिको लागि अनुरोध गर्ने।

मिति २०८०।०४।१७ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय

६. उपनियम मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को ,

(१) उपनियम (६) को सट्टा देहायको उपनियम (६)मा राखिएको छ।

(६) समितिको कोषको सञ्चालन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ।

७. मूल नियमावलीको अनुसूची १ मा संशोधनः मूल नियमावलीको अनुसूची १ को

(१) सि.नं.६ मा रहेको ल्याव टेक्नेसियन , सहायक पाँचौ तहको दरबन्दी संख्या "१" को सट्टामा "२" कायम रहेको छ।

(२) सि.नं.१२ पश्चात देहायको सि.नं.१३ थपिएको छ।

| सि.नं. | पद तथा तह | सेवा/समूह | दरबन्दी संख्या | स्वीकृत दरबन्दीमा पदपूर्तिको माध्यम | |
|---|---|---|---|---|---|
| २ | सहायक कम्प्यूटर अपरेटर | विविध | २ | ० | २ |

**निर्णय नं.(१०)**

प्रस्ताव नं.(१०) माथि छलफल गर्दा देहाय बमोजिमको सडकहरुको मर्मत गरी यातायात सुचारू गर्न मर्मत सम्भार कोषबाट खर्च गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

१. वार्ड नं.५ स्थित कमलपुर पैनी मर्मत गर्न रु.१ लाख,
२. वार्ड नं.६ कार्यालय वरी परि पुर्ने काम रु.६० हजार,
३. वार्ड नं.२ को केरौन चिसाङ्ग सडक(नहरको बाटो)को लागि रु.३ लाख,
४. वार्ड नं.१ का विभिन्न सडकहरु पुर्ने कार्य १५ ट्याक्टर र वार्ड नं.२ देखि वार्ड नं.७ सम्म प्रत्येक वडामा १० टयाक्टरका दरले अत्यावश्यक स्थानमा सडक पुर्ने कार्य मर्मत सम्भार कोषबाट खर्च गर्ने।
५. वडा नं.७(शान्ति टोल)-७ ट्रयाक्टर, वडा नं.६(रमाईलो आसपास)-९ ट्रयाक्टर, वडा नं.२ (पाचपोखरी लगायतका क्षेत्र)-८ ट्रयाक्टर गरी जम्मा २४ ट्रयाक्टर मिक्स गिट्टी लगाई सडक मर्मत कार्य गर्ने।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।